**२०७५ साल असार १८ गते सोमवार बसेको मन्त्रिपरिषद्, राजनैतिक समितिको बैठकका निर्णयहरुः-**

- जाजरकोट जिल्लाको जुनीचाँदे गाँउपालिकाको केन्द्र साविक मजकोट गा.वि.स.को कार्यालय रहेको स्थानबाट परिवर्तन गरी वडा नं. ४ लुहादहमा कायम गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १५/२०७५/०२/३० को प्रस्ताव प्रदेश मं.प.वै.सं १६/०७५ मिति २०७५/०२/३१ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएको तथा सोही विषयमा उत्पन्न बिवाद सम्बन्धी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १८/२०७५/०३/१४ को प्रस्ताव प्रदेश मं.प.वै.सं १८/०७५ मिति २०७५/०३/१६ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा समेत "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "उक्त विषयमा अध्ययन गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव श्री नवराज बरालको संयोजकत्वमा सोही कार्यालयका शाखा अधिकृत श्री जागुराम चौधरी र आन्तरिक मामिला तथा कानून मन्त्रालयका शाखा अधिकृत श्री हित प्रसाद पौडेल सदस्य रहने एक कार्यदल गठन गर्ने, सो कार्यदलले उक्त विषयमा अध्ययन गर्न खटिएको १५ दिनभित्र प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदन समेतको आधारमा आगामी बैठकमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने"।

**२०७५ साल कार्तिक १६ गते शुक्रबार बसेको मन्त्रिपरिषद्, राजनैतिक समितिको बैठकका निर्णयहरुः-**

- जुम्ला जिल्लाको तातोपानी र गुठीचौर गाँउपालिकाको केन्द्र सार्ने सम्बन्धि बिवाद छानविनको लागि गठित कार्यदलबाट प्राप्त जुम्ला जिल्लाको तातोपानी र गुठीचौर गाँउपालिकाको साविकमा नेपाल सरकारले तोकेको केन्द्र हेरफेर गर्न गाउँ सभामा विधिवत रुपले प्रस्ताव पेश भए तापनि स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद २ को दफा ४ (३) बमोजिम दुईतिहाई बहुमतले पारित हुन नसकेकोले गाँउपालिकाको कार्यपालिकाले प्रदेश सरकारमा पेश गर्न सक्ने अवस्था नरहेकोले यसमा प्रदेश सरकारले केही गर्नु पर्ने देखिएन भन्ने व्यहोराको प्रतिवेदन आजको बैठकमा पेश हुँदा सो प्रतिवेदन समेतको आधारमा प्रदेश सरकारले केही गर्नु नपर्ने व्यहोरा कर्णाली प्रदेश मन्त्रिपरिषदमा पेश गर्ने ।
- जाजरकोट जिल्लाको जुनीचाँदे गाँउपालिकाको केन्द्र साविक मजकोट गा.वि.स. कार्यालय रहेको स्थानबाट परिवर्तन गरी वडा नं. ४ लुहादहमा कायम गर्न माग गरिएको विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या १६/०७५ मिति २०७५/०२/३१ को बैठकमा र सोको विवाद सम्बन्धी विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या १७/०७५ मिति २०७५/०३/१६ को बैठकमा पेश हुँदा दुबै बैठकबाट "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७५/०३/१८ को बैठकबाट उक्त विबाद छानविन गर्न कार्यदल गठन भएकोमा सो कार्यदलबाट प्राप्त प्रमाण ऐन, २०३१ को दफा ६ (ग), दफा ९ तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ४ (३) बमोजिम जाजरकोट जिल्लाको जुनिचाँदे गाँउपालिकाको मिति २०७५/०१/३० गते बसेको विशेष गाँउ सभाको बैठकको निर्णय नं.१ कार्यान्वयन गर्न च.न.५८१ मिति २०७५/०२/१८ को पत्रबाट अनुरोध भै आएको विषय गाँउ सभाको तत्काल कायम रहेको सदस्य संख्या ५६ मा उपस्थित ३९ रहेकोमा ३९ मध्येका ४ जनाले असहमतिको सनाखत निवेदनको बैधताको आधारमा ३५ जना सदस्यलाई दुई तिहाइ बहुमतले पारित गरेको प्रस्तावको निर्णय कानूनत मान्न नमिल्ने सक्कल फाईलको प्रारम्भिक अध्ययनबाट देखिएकोले यस विषयमा थप केही गरिरहनु नपर्ने भन्ने व्यहोराको प्रतिवेदन आजको बैठकमा पेश हुँदा सो सम्बन्धमा सरोकारवालाहरुसंग थप छलफल गरी आगामी बैठकमा निर्णय लिई मन्त्रिपरिषदमा पेश गर्ने।
- सल्यान जिल्लाको छत्रेश्वरी गाँउपालिकाको केन्द्र साविक छायाँक्षेत्र गा.बि.स भवन रहेको स्थानवाट हालको छत्रेश्वरी गा.वि.स वडा नं ३ र ५ को बीचमा पर्ने तारूपरे भन्ने स्थानमा सार्ने र गाँउपालिकाको नाम छत्रेश्वरीबाट परिवर्तन गरी पाथिभरा छत्रेश्वरीकोट कायम गर्न माग गरिएको विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या २०/०७५ मिति २०७५/०४/१० को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "सो सम्बन्धमा अध्ययन गरी सत्य तथ्य पत्ता लगाइ प्रतिवेदन पेश गर्न ३ सदस्यीय कार्यदल गठन गर्ने जिम्मेवारी प्रमुख सचिवलाई दिने र सो कार्यदलको प्रतिवेदन समेतको आधारमा आगामी बैठकमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने।"

- डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिकाको नाम र केन्द्रमा असहमत भइ भुगोल छानविन गरी केन्द्र कायम गर्न माग गरिएको विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या २१/०७५ मिति २०७५/०४/२६ को बैठकमा पेश हुंदा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "सो सम्बन्धमा अध्ययन गरी सत्य तथ्य पत्ता लगाइ प्रतिवेदन पेश गर्न ३ सदस्यीय कार्यदल गठन गर्ने जिम्मेवारी प्रमुख सचिवलाई दिने र सो कार्यदलको प्रतिवेदन समेतको आधारमा आगामी बैठकमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने। "
- जुम्ला जिल्लाको हिमा गाँउपालिकाको केन्द्र वडा नं. ५ को गुरामाडु तलखेल र वाजागाड तलखेतमध्ये कहाँ रहने भन्ने विवाद भएकोले भौगोलिक र प्राविधिक दृष्टिकोणबाट उपयुक्त स्थान टुंगो लगाइदिन माग भएको विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या २६/०७५ मिति २०७५/०५/३० को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "सो सम्बन्धमा अध्ययन गरी सत्य तथ्य पत्ता लगाइ प्रतिवेदन पेश गर्न ३ सदस्यीय कार्यदल गठन गर्ने जिम्मेवारी प्रमुख सचिवलाई दिने र सो कार्यदलको प्रतिवेदन समेतको आधारमा आगामी बैठकमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने। "

**२०७५ साल माघ २० गते आइतबारक बसेको मन्त्रिपरिषद्, राजनैतिक समितिको बैठकका निर्णयहरुः-**

- जाजरकोट जिल्लाको जुनीचाँदे गाँउपालिकाको केन्द्र साविक मजकोट गा.वि.स. कार्यालय रहेको स्थानबाट परिवर्तन गरी वडा नं. ४ लुहादहमा कायम गर्न माग गरिएको विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या १६/०७५ मिति २०७५/०२/३१ को बैठकमा र सोको विवाद सम्बन्धी विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या १७/०७५ मिति २०७५/०३/१६ को बैठकमा पेश हुँदा दुबै बैठकबाट "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७५/०३/१८ को बैठकबाट उक्त विबाद छानविन गर्न कार्यदल गठन भएकोमा सो कार्यदलबाट प्राप्त प्रमाण ऐन, २०३१ को दफा ६ (ग), दफा ९ तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ४ (३) बमोजिम जाजरकोट जिल्लाको जुनिचाँदे गाँउपालिकाको मिति २०७५/०१/३० गते बसेको विशेष गाँउ सभाको बैठकको निर्णय नं.१ कार्यान्वयन गर्न च.न.५८१ मिति २०७५/०२/१८ को पत्रबाट अनुरोध भै आएको विषय गाँउ सभाको तत्काल कायम रहेको सदस्य संख्या ५६ मा उपस्थित ३९ रहेकोमा ३९ मध्येका ४ जनाले असहमतिको सनाखत निवेदनको बैधताको आधारमा ३५ जना सदस्यलाई दुई तिहाइ बहुमतले पारित गरेको प्रस्तावको निर्णय कानूनत मान्न नमिल्ने सक्कल फाईलको प्रारम्भिक अध्ययनबाट देखिएकोले यस विषयमा थप केही गरिरहनु नपर्ने भन्ने व्यहोराको प्रतिवेदन समितिको मिति २०७५/०७/१६ को बैठकमा पेश भई छलफल हुँदा सो सम्बन्धमा सरोकारवालाहरुसंग थप छलफल गरी आगामी बैठकमा निर्णय लिई मन्त्रिपरिषदमा पेश गर्ने निर्णय भएको र सो विषय आजको बैठकमा पेश हुँदा सो सम्बन्धमा “कार्यदलको प्रतिवेदन बमोजिमको व्यहोरा मन्त्रिपरिषदमा सिफारिस गर्ने।"
- जुम्ला जिल्लाको "कनकासुन्दरी" गाँउपालिकाको नाम परिवर्तन गरी "खस हाँट सिंजा" कायम गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या ३३/०७५ मिति २०७५/०९/२६ को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा सो सम्बन्धमा "जुम्ला जिल्लाको "कनकासुन्दरी" गाँउपालिकाको नाम परिवर्तन गरी "खस हाँट सिंजा" कायम गर्न गाँउ सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेको यकिन हुने प्रमाणित कागजात सहितको व्यहोरा सम्बन्धित गाँउ कार्यलिकाबाट माग गरि माग गरिएका कागजात प्राप्त हुन आएपछि निर्णयका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालयले प्रदेश मन्त्रिपरिषदको बैठकमा पेश गर्ने।"